# स्थानीय राजपत्र

रावा वेसी गाउँपालिकाद्वारा प्रकाशित

| खण्ड ४ | संख्या ८ | मितिः २०७७/११/१५ |
|---|---|---|

भाग २

## रावा बेसी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम रावा वेसी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरीएको छ ।

# अस्थायी विद्यालय व्यवस्थापन समिति सम्बन्धि कार्यविधि २०७७

रेख वहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

**प्रस्तावनाः** सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहनेछ । ति विद्यालयहरुको प्रत्येक ३ वर्षमा अनिवार्य रुपमा म्याद समाप्त हुने भएकाले म्याद समाप्त भएको १ महिनाभित्र नयाँ विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्ने प्रावधान रहेको छ । शिक्षा नियमावली २०५९ को आठौं संशोधन २०७३ दफा २८ को 'ग' बमोजिम यस गाउँपालिकाभित्र म्याद समाप्त भएका विद्यालयहरुमा पटक पटक अभिभावकहरुको भेला बोलाउँदा समेत विद्यालय व्यवस्थापन समिति गठन नभएकाले विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि शिक्षा ऐन २०२८ को नवौं संशोधन २०७४ को दफा १२ 'क' को २ बमोजिम अस्थायी विद्यालय व्यवस्थापन समिति गठन प्रयोजनका लागि यो कार्यविधि गाउँ शिक्षा समितिको बैठकबाट तयार गरी यहि कार्यविधि अनुसार गाउँ शिक्षा समितिले निर्णय गरी एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गरी सहज र सरल रुपमा शिक्षा प्रदान गरी शैक्षिक गुणस्तरमा सहयोग पुर्याउन वाञ्छनीय भएकोले,

नेपाल सरकारले तयार गरेका शिक्षा ऐन तथा नियमावली र गाउँ शिक्षा नियमावली २०७४ को अधिनमा रही, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ (१) को 'ज' को ७ बमोजिमको अधिकारप्रयोग गरी देहाय बमोजिमको कार्यविधि तयार गरी रावा बेसी गाउँपालिका गाउँ कार्यपालिकाले कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**सङ्क्षिप्त नाम र प्रारम्भः**

(१)यस कार्यविधिको नाम " **अस्थायी विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धि कार्यविधि २०७७**" रहेको छ ।

(२)यो कार्यविधि रावा बेसी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि अर्को कुनै व्यवस्था नहुञ्जेल सम्मका लागि लागू हुनेछ ।

(३)परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क)"कार्यपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ख)"स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको रावा बेसी गाउँपालिका सम्झनु पर्दछ ।

(ग)"विद्यालय" भन्नाले रावा बेसी गाउँपालिकाका सामुदायिक तथा संस्थागत विद्यालयहरु सम्झनु पर्दछ ।

(घ)"गाउँ शिक्षा समिति" भन्नाले गाउँ शिक्षा नियमावली २०७४ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

(ङ)"शिक्षा शाखा" भन्नाले रावा बेसी गाउँपालिकाको कार्यालयको सम्बन्धि काम गर्ने शाखा वा त्यस्तो काम गर्ने जिम्मेवारी पाएको कर्मचारी सम्झनु पर्दछ ।

(च)"अस्थायी विद्यालय व्यवस्थापन समिति" भन्नाले निश्चित समयावधिका लागि यस कार्यविधि अन्तर्गत रहेर गाउँ शिक्षा समितिले निर्माण गरेको समिति सम्झनु पर्दछ ।

## परिच्छेद-२
## व्यबस्थापन तथा बिबिध

**४. विद्यालय सञ्चालन तथा व्यवस्थापनः**

(१)प्रचलित शिक्षा ऐन तथा नियमावलीको परिधिभित्र रही रावा बेसी गाउँपालिकाभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुका पटक पटकको अभिभावक भेलाबाट विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेको निर्णयसहित सम्बन्धित विद्यालयहरुले गाउँ शिक्षा समितिमा लिखित जानकारी गराउनु पर्नेछ ।

(२) प्रचलित शिक्षा ऐन तथा नियमावलीको परिधिभित्र रही रावा बेसी गाउँपालिकाभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुका पटक पटकको अभिभावक भेलाबाट विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेको निर्णयसहित विद्यालयबाट जानकारी आएमा गाउँ शिक्षा समितिको बैठकले निर्णय गरी त्यस्ता सामुदायिक तथा संस्थागत विद्यालयहरुको हकमा सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि देहायका सदस्यहरु रहेको एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
... धादिङ
३ नं. प्रदेश नेपाल

(क) विद्यालय रहेको गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य –सदस्य

(ख) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एकजना शिक्षक –सदस्य

(ग)विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका सम्बन्धित विद्यालयको सेवाक्षेत्र भित्रका रहेका व्यक्तिहरूमध्येबाट गाउँ शिक्षा समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना –सदस्य

(घ)विद्यालयका प्रधानाध्यापक –सदस्य–सचिव

(३) दफा ४ (२) बमोजिम गठित समितिको कार्यकाल बढीमा १ वर्षको हुनेछ ।

(४) ४ (२) बमोजिम गठित समितिले आवश्यकता महसुस गरेमा आम.अभिभावकहरुको भेला बोलाई विद्यालय व्यवस्थापन समिति गठन गरी आफ्नो कार्यभार हस्तान्तरण गर्न सक्नेछ ।

(५) ४ (२) बमोजिम गठित अस्थायी विद्यालय व्यवस्थापन समितिको अध्यक्षता सो समितिका ज्येष्ठ सदस्यले गर्नेछ ।

(६) ४ (२) बमोजिम गठित अस्थायी विद्यालय व्यवस्थापन समितिको काम,कर्तब्य र अधिकार शिक्षा नियमावलीले तोके अनुसार नै हुनेछ ।

**५.अनुगमन तथा निरीक्षण गर्न सक्नेः**

(१)उपरोक्त बुँदा अनुसार परिपालनाका लागि गाउँ शिक्षा समितिले विद्यालय सञ्चालनको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(२)उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ ।

**६.थप व्यवस्था गर्न सक्नेः** यस कार्यविधिको विपरीत नहुने गरी समितिले विद्यालय सञ्चालन गर्नु पर्नेछ ।

**७.संशोधन गर्न सक्नेः** गाउँ कार्यपालिकाको बैठकले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**९.निचोडः** विद्यालय व्यवस्थापन समितिको पदावधि समाप्त भई आम अभिभावकहरुको पटक पटकको भेलाले समेत समिति निर्माण गर्न नसकेको परिवेसमा सामुदायिक तथा संस्थागत विद्यालयहरुको सञ्चालन, रेखदेख र व्यवस्थापनलाई नियमित रुपमा कार्य गर्नका यो कार्यविधि तयार गरी स्थानीय तहले यसलाई मुख्य दिशाबोधका रुपमा लिई कार्यान्वयनमा जानाले विद्यालयहरु नियमित रुपमा सुचारु गरी शैक्षिक गुणस्तर सुधार गर्ने कार्य सुनिश्चत हुनेछ ।

**१०.बाझिएमा अमान्य हुनेः** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिने हदसम्म अमान्य हुनेछ ।

रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

# कार्यविधि निर्माण समिति

| क्र.सं. | नाम | पद | आवद्द संस्था | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री किशोर के.सी. | संयोजकः | अध्यक्ष, शिक्षक महासङ्घ, रावाबेसी गाउँपालिका | |
| २. | श्री कालिदास पोखरेल | सदस्यः | संयोजक,सामाजिक विकास समिति,रावाबेसी गाउँपालिका | |
| ३. | श्री पुण्यकुमारी मगर | सदस्यः | सदस्य, गाउँ शिक्षा समिति, रावा बेसी गाउँपालिका | |
| ४. | श्री रामहरि पोखरेल | सदस्यः | प्रधानाध्यापक, श्री धारापानी मावि, डुम्रेधारापानी | |
| ५. | श्री तिर्थराज दाहाल | सदस्यः | संयोजक, शिक्षा शाखा, रावा बेसी गाउँपालिका | |

प्रमाणिकरण मितिः २०७७/११/१५

रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

आज्ञाले,
रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत